# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editor : Bro. Bhuvan Devkoda

Vol. XXII | YEAR OF OUR LORD JESUS CHRIST, MARCH 2022 | No. 3


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

भजनसंग्रह ९७:१-९

१. परमप्रभुले राज्य गर्नुहुन्छ, पृथ्वी हर्षित होस्, टाढाका किनार-किनारहरू पनि आनन्दित होऊन् ।

२. उहाँको वरिपरि बादल र घोर अन्धकार छन्, धार्मिकता र न्याय उहाँको सिंहासनका जग हुन् ।

३. उहाँको अगिअगि आगो जान्छ र उहाँको चारैपट्टिका विरोधीहरूलाई भस्म पार्छ ।

४. उहाँको बिजुलीले संसारलाई प्रकाशित पार्छ, पृथ्वीले देख्छ र थरथरी काम्छ ।

५. परमप्रभुको सामुन्ने पर्वतहरू मैनझैं पग्लन्छन्, सारा पृथ्वीका स्वामीको सामुन्ने ।

६. स्वर्गले उहाँका धार्मिकताको घोषणा गर्दछ, सबै मानिसहरूले उहाँका महिमाको दर्शन गर्छन् ।

७. मूर्तिपूजा गर्नेहरू सबै लाजमा पारिनेछन्, मूर्तिहरूमा गर्व गर्नेहरू सबै शर्ममा पर्नेछन् । सबै देवगण हो, उहाँको आराधना गर ।

८. तपाईंका न्यायको कारण हे परमप्रभु, सियोनले सुन्छ र आनन्दित हुन्छ र यहूदाका गाउँहरू हर्षित हुन्छन् ।

९. किनकि हे परमप्रभु, सारा पृथ्वीभन्दा तपाईं नै अति उच्च हुनुहुन्छ, तपाईं सबै देवहरूमाथि अत्यन्त उच्च हुनुहुन्छ ।

## दाख, अञ्जीर र जैतून !

### The Vine, the Fig and the Olive!

**Bro. M. Paulraj**



तामिलनाडूका मानिसहरूको जीवनमा धान, नरिवल र प्लानटेनजस्तै गरी इस्राएलका मानिसहरूको जीवनमा पनि तीन वटा बिरुवा/रूखहरू आपसमा जोडिएका छन् । इस्राएल डाँडाहरू र उपत्यकाहरूको जमीन हो, जहाँको जमीनले स्वर्गको वर्षाबाट पानी पिउँछ । तर यो मिश्र देशको जमीनजस्तो थिएन, जहाँ इस्राएलीहरू दासको रूपमा ४३० वर्ष रहेका थिए । मिश्रमा इस्राएलीहरूले आफ्नो बीउ छर्थे र सागपातमा पानी हालेझैं पानी बोकेर हाल्नुपर्थ्यो ! त्यहाँ नील नदीले जमीनलाई खान्थ्यो (व्यवस्था ११:१०,११) !

माथि उल्लेखित तीन वटा बिरुवा/रूखहरू इस्राएलको भूमिमा मुख्य गरी रहेका छन् । अगमवक्ताह हबकूकको पुस्तकमा यो प्रमाण छ, उनले घोषणा गर्छन्, "चाहे अञ्जीरका रूखमा मुना नलागोस् र दाखका बोटमा फल नफलोस्, चाहे जैतून रूखमा फल नलागोस्... म परमप्रभुमा रमाहट गर्नेछु, म मेरो उद्धार गर्नुहुने परमेश्वरमा रमाउनेछु" (हबकूक ३:१७,१८) । जीवनलाई धान्ने सबै कुराहरू र देशको आर्थिक अवस्था दाख, अञ्जीर र जैतूनसमेत खस्किए पनि तिनले परमप्रभुमा रमाहट गर्नेछन् भनेर तिनले घोषणा गर्छन् । यी रूखहरू र बिरुवाहरूले इस्राएलमा जीवनलाई कायम गर्दछ ।

येशू ख्रीष्टले आफ्नो सेवकाइको समयमा आफ्नो प्रवचनमा यी बिरुवा/रूखहरूलाई प्राय: उल्लेख गर्नुभएको छ । येशूले भन्नुभयो, "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ, यदि कोही ममा रह्यो भने र म त्यसमा रहें भने त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ" (यूहन्ना १५:५) । इस्राएलको घरानामा हुने विवाहमा दाख अत्यन्तै महत्वपूर्ण परिकार थियो किनकि कानामा भएको विवाहमा हामीले देख्छौं, जहाँ येशूकी आमा, येशू र उहाँलाई चेलाहरूलाई निम्त्याइएको थियो (यूहन्ना २:१,२) । मत्ती २४:३२ मा येशूले उल्लेख गर्नुभएको कुरा हामीले देख्छौं, जहाँ अञ्जीरको रूखले पालुवा फेर्छ, त्योचाहिँ ग्रीष्म आएको चिन्ह थियो, जुन हुनै लागेको कुरा हो । जब नोआले दोस्रो पटक ढुकुरलाई पठाएका थिए, त्यसले आफ्नो मुखमा जैतूनको पात ताजा रूपमा भाँचेर ल्याएको थियो, जसले पृथ्वीबाट पानी घटिरहेको थियो भनेर इङ्गीत गरिरहेको थियो (उत्पत्ति ८:११) । खाना खाइसकेपछि येशू

बाँकी पृष्ठ ३ मा

**बोलावटको प्रतिध्वनि** सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष

(ECHO GROUP)



# तपाईंको प्रिय भाइबाट....



"... म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु, परमप्रभुको मुखैले यसो भन्नुभएको छ" (यशैया ५८:१४) ।

**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

**CHIEF EDITOR**
Angeline Selvakumari Henry, M.A., M.Ed.

**MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.

**ADMINISTRATION**
Bro. N. Prakasam, M.A., General Manager

**EDITORIAL BOARD**
Sis. Jesy Veena Sam
Bro. M. Paulraj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.

**EDITOR, PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

**E.mail ID**
sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**
www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**
Echo of His Call

ख्रीष्टमा प्रिय मित्रहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा प्रेमिलो अभिवादन,

परमेश्वरको अनुग्रहद्वारा तपाई र तपाईंका प्रियहरू राम्रै हुनुहुन्छ भनेर म आशा गर्दछु। म र मेरा सहकर्मीहरू हरेक दिन तपाई र तपाईंका आवश्यकताहरू अनुग्रहको सिंहासनअघि उचालिरहेका छौं। संसारभरि ठूलो विपत्ति भइरहेको हुनाले तपाईंलाई परमेश्वरको विशेष सुरक्षाको खाँचो छ भनेर हामीलाई थाहा छ। सबै देशहरूका मानिसहरू ठूलो भयमुनि बाँचिरहेका छन्।

हरेक दिन हामीले विभिन्न दाजुभाइ तथा दिदीबहिनीहरूबाट प्रार्थनाको आग्रह प्राप्त गर्छौं। पोस्ट कार्ड, फोन कल, पत्र, इमेल, आदिबाट हाम्रो कार्यालयमा हामीले प्राप्त गरेका कुनै पनि प्रार्थनाका आग्रहलाई बेवास्ता नगरी हामी त्यसको निम्ति प्रार्थना गर्छौं। तपाईंजस्ता सबै दाजुभाइ तथा दिदीबहिनीको जीवनमा परमेश्वरले वास्तवमै काम गर्नुभएको छ।

भाइरसको ज्वरोको परिणामको भय सारा संसारमा विजय भइरहेको छ, परमेश्वरका धेरै सेवकहरू र विश्वासीहरूले आफ्नो आत्मिक गति कम गरेका छन्। के तपाई पनि त्यसमध्ये पर्नुहुन्छ ?

यो असल होइन। विगतमा भएको प्रार्थनाद्वारा तपाईंको जीवनमा भएका अचम्मका थोकहरूको बारेमा तपाईंले सोच्नुपर्छ। तपाईंको प्रार्थनाहिनता, तपाईंको मण्डली र तपाईंको पास्टरलाई बेवास्ता गरेर, तपाईंको दशांस र भेटीमा अविश्वासी भएर तपाईंले आफ्नो रक्षक येशू ख्रीष्टलाई धोका दिनुभएको वा निरास बनाउनुभएको हुन सक्छ। अब परमप्रभु परमेश्वरले तपाईंको आत्मालाई तपाईंको अवस्थाबाट खडा हुन र यो सन्देशबाट अगाडि बढ्न चलाइरहनुभएको छ।

कृतज्ञतापूर्ण हृदयको साथमा आफ्नो आत्मिक क्रियाकलापहरू कृपया सुरु गर्नुहोस् किनकि यो संसारको खतराहरूबाट परमेश्वरले तपाईंको जीवनलाई बचाउनुभएको छ। निश्चय नै उहाँले तपाईंका सबै आवश्यकताहरू पूरा गर्नुहुनेछ। आउन लागेका दिनहरूमा फलदायी जीवन जिउन उहाँले तपाईंलाई निर्देशित गर्नुहुनेछ। हामी आफ्ना प्रार्थनाद्वारा तपाईंलाई सहायता गरिरहेका छौं।

हाम्रो प्रभु येशू ख्रीष्ट चाँडै संसारको न्याय गर्न उहाँको दोस्रो आगमनको बारेमा संसारमा भइरहेका सबै कुराहरूले हामीलाई सम्झना दिलाउँछ। हामी हरेक जना न्यायको निम्ति परमेश्वरको अघि खडा हुनुपर्छ। प्रभु येशू ख्रीष्टको निम्ति फलदायी जीवन जिउन आफ्नो जीवनलाई समर्पित गर्नुहोस्। परमेश्वरले तपाईंलाई आवश्यक अनुग्रह प्रदान गरून्।

कृपया बोलावटको प्रतिध्वनिलाई निरन्तर प्रार्थना र सहायता गर्नुहोस्। वास्तवमा, तपाईंको प्रार्थना र सहायताको निम्ति यो ठूलो आवश्यकताको उपयुक्त समय यही हो। हाम्रा प्रिय सहकर्मी भाइ एम. पावलराज र पास्टर एम. मुथु आफ्ना रोगबाट चाँडो निको हुनको निम्ति हामी तपाईंको विशेष प्रार्थनाको आग्रह गर्दछौं।

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ◘ BIBLECOR - Postal Courses (3 languages) ◘ Online Courses ◘ Theological Correspondence Courses (2 languages) ◘ Church Planting ◘ Nehemiah Bible Colleges ◘ Gospel Printing Press ◘ Great Commission Partners ◘ St. Paul's Matriculation School ◘ Crusades ◘ Community Development

वर्तमानमा हाम्रा मण्डलीहरू, स्कुल, आवासीय बाइबल कलेज अफै पनि सुरु हुन लागेको छ। भाइरल ज्वरोको उन्मूलन र संसारका सबै देशहरूका मानिसहरूको पुनर्स्थापनाको निम्ति कृपया प्रार्थना गरौं।

तपाईंसँग समय छ भने तपाईंले हामीबाट ताजा समाचार पाउन Echo of His Call You Tube Channel हेर्न सक्नुहुन्छ।

हामी तपाईंलाई अत्यन्तै प्रेम गर्छौं र तपाईंको हीतमा रुचि राख्छौं। परमेश्वरले तपाईंलाई आशिष् देऊन्।

*ख्रीष्ट येशूमा तपाईंका सेवकहरू*

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858
E.mail : samselvaraj333@gmail.com

*पृष्ठ १ बाट*

र उहाँका चेलाहरूले भजन गाउनुभयो र जैतूनको डाँडामा जानुभयो (मर्कूस १४:२६)। त्यसैले दाख, अञ्जीर र जैतून इस्राएलका मानिसहरूको जीवनमा अलग गर्न नसकिने रहेको छ।

## दाख !

तपाईंले मिश्रदेशबाट एउटा दाखको बोट ल्याउनुभयो,
तपाईंले अरू जातिहरूलाई धपाएर त्यो बोट रोप्नुभयो।
तपाईंले त्यसको निम्ति भूमि तयार पार्नुभयो र त्यसको जरो गड्यो र त्यो देशभरि फैलियो।
पहाडहरू त्यसको छायाले ढाकिए
र त्यसका हाँगाबिँगाले शक्तिशाली देवदारुका रूखहरू छोपिए।
त्यसका हाँगाहरू समुद्रसम्म गए
अनि त्यसका मुनाहरूचाहिँ यूफ्रेटिस नदीसम्मै फैलिए।
त्यसका पर्खालहरू तपाईंले किन भत्काइदिनुभएको छ
र त्यहाँबाट जाने सबैले तयसको फल टिपून्?
जङ्गलको बनेलले त्यसलाई नष्ट पार्छ
र जङ्गली जनावरहरू त्यसमा चर्छन्।
सर्वशक्तिमान् परमेश्वर, हाम्रा बीचमा फेरि फर्कनुहोस्।
स्वर्गबाट तल दृष्टि गर्नुहोस्,
यस दाखको बोटको हेरचाह गर्नुहोस्
तपाईंको आफ्नो दाहिने बाहुलीले रोप्नुभएको त्यस बिरुवाको
त्यस छोराको, जसलाई तपाईंले आफ्नो लागि हुर्काउनुभएको छ।
(भजनसंग्रह ८०:८-१५)

यहाँ परमप्रभुले दाखलाई मिश्रबाट निकालेर ल्याउनुभयो, देशलाई निकाल्नुभयो र कनानमा रोप्नुभयो। त्यसले असल फल दिन्छ भनेर परमप्रभुले आशा गर्नुभएको थियो। तर त्यसले अमिलो फल दिएको थियो! त्यसले गहिरो जरा गाडेको थियो र देशमा फैलिएको थियो। यसको प्रभाव देशहरूमा फैलिएको थियो र सर्वोच्च रूपमा शासन गरिरहेको थियो। त्यसैले परमप्रभुले त्यसको पर्खाल भत्काइदिनुभयो र त्यहाँबाट हिँड्ने मानिसहरूले आफ्नो चाहनामा फलहरू टिपे र जङ्गली बनेल र जङ्गली पशुहरूले त्यसलाई नष्ट पार्छन् किनकि परमप्रभुले त्यसको पर्खाल भत्काइदिनुभएको थियो। अगमवक्ताह आसापले भत्किएका पर्खालहरू हेर्न परमप्रभुलाई आग्रह गरे र त्यहाँ भ्रमण गर्न पनि परमप्रभुलाई आग्रह गरे।

परमप्रभुको दाखबारी इस्राएलको घराना हो (यशैया ५:७)। परमप्रभुले चुनिएका आफ्ना मानिसहरूलाई मिश्रदेशबाट ल्याउनुभएको थियो, जहाँ तिनीहरू मोशाको नेतृत्वको अधीनमा दासत्वमा थिए। उहाँले कनानीहरूलाई त्यहाँबाट निकाल्नुभयो र आफ्ना मानिसहरूलाई राख्नुभयो। तिनीहरू कनानको भूमिमा वृद्धि भए र दाऊदको नेतृत्वको अधीनमा बलियो देश बने। तिनले आफ्ना शत्रुहरूमाथि विजय हासिल गरे र तिनीहरूलाई कर तिर्न लगाए। तिनको नाम टाढासम्म फैलियो र देशहरूका बीचमा अगुवा बने। तर राजा सोलोमनको शासनकालमा देश बिस्तारै ओरालो लाग्न थाल्यो किनकि तिनी आफ्ना विदेशी पत्नीहरूका कारण विदेशी देवताहरूतिर फर्के। तिनको छोरा रहबामको शासनकालमा देश दुई भागमा विभाजन भयो, इस्राएल र यहूदाको रूपमा।

इस्राएलका मानिसहरूले सामरियालाई आफ्नो सदरमुकाम बनाए र यहूदाले यरूशलेमलाई। इस्राएलको पहिलो राजा यारोबामले दुई वटा सुनको बाछा बनाए र एउटालाई दानमा र अर्कोलाई बेर्थेबामा राखे। त्यो तिनीहरूको परमेश्वर थियो भनेर तिनले कायम राखे, जसले तिनीहरूलाई

**Statement about ownership and other particulars about the Newspaper Echo of His Call (Nepali) - Form IV**
**(See Rule 8)**

| | | |
|---|---|---|
| 1. Place of Publication | : | **New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah Sahib 2nd Street, Chepauk, Chennai - 600 005.** |
| 2. Periodicity | : | **Monthly** |
| 3. Printer, Editor, Owner & Publisher | : | **S. Sam Selva Raj** (Same Address) |
| 4. Nationality | : | **Indian** |

I **S. Sam Selva Raj**, hereby that the particulars given above are true to the best of my knowledge and belief.

**March 2022** **S. Sam Selva Raj.**

मिश्रदेशबाट निकालेर ल्याएको थियो, त्यसकारण, तिनीहरूले परमप्रभुलाई इन्कार गरे, जसले तिनीहरूलाई फारोको हातबाट छुटकारा दिनुभएको थियो । तिनीहरूलाई परमेश्वरले छान्नुभएको मोशा र यहोशूले अगुवाइ गरे पनि तिनीहरूलाई वास्तवमा अगुवाइ गर्नुहुने परमप्रभु हुनुहुन्थ्यो, जसले राजाहरूलाई धपाउनुभयो र तिनीहरूलाई प्रतिज्ञाको देश कनानमा रोप्नुभयो । समयसँगै तिनीहरूले सर्वशक्तिमान परमेश्वरलाई इन्कार गरे र अन्यजातिका देवताहरूलाई अङ्गाले । तिनीहरूले हरेक रूखमुनि र उच्च स्थानहरूमा मूर्तिहरू स्थापना गरे र त्यसलाई आफ्ना देवताको रूपमा आराधना गरे । यो बेइमानीमा इस्राएलचाहिँ यहूदाभन्दा अघि थियो ! क्रोधमा परमप्रभुले तिनीहरूलाई विदेशी राजाहरूलाई बेचिदिनुभयो ! ई.पू. ७२२ मा अश्शूरीहरूले इस्राएललाई जिते र ई.पू. ५८६ मा बेबिलोनीहरूले यहूदालाई जिते । यी कुराहरू भएको थियो किनभने तिनीहरूले सर्वशक्तिमान परमेश्वरलाई इन्कार गरेका थिए र विदेशी देवताहरूकहाँ गएका थिए । देशलाई देखेर अगमवक्ता आसापले विलाप गरेका थिए, जुन तोडफोड गरिएको थुप्रो बन्यो किनकि तिनीहरूका बेइमानीको कारण परमप्रभुले सुरक्षा हटाउनुभएको थियो ।

जुन दाखको बोटले असल फलहरू दिने आशा गरिएको थियो, त्यसले खराब फलहरू दियो र त्यसले आफ्नो विनाश आफैंले पाएको थियो ।

आज पनि मानिसहरू येशूको रगतद्वारा परमेश्वरको सामुन्ने आउँछन्, केही समयको निम्ति चम्कन्छन् र परमेश्वरको सामुन्नेबाट निस्केर जान्छन् र शैतानको साथमा आनन्द गर्छन् । तिनीहरूले बिरलै महसुस गर्छन् कि शैतानले तिनीहरूलाई विनाशतिर लगिरहेको छ किनकि त्यो चोर हो, जसले चोर्छ, मार्छ र विनाश गर्छ (यूहन्ना १०:१०) । हामी सावधान हुनुपर्छ र शैतानका छल विरुद्ध आफैंलाई अलग राख्नुपर्छ अन्यथा हामीले पनि हाम्रा पुर्खाको भाग्य सामना गर्नुपर्ने हुन सक्छ ।

दाख सबैलाई मन पर्ने बाली हो, जसले फल फलाउँछ । यो मौसममा भरपर्ने बोट हो । कृषकहरूले जमीन तयार गर्न, त्यसलाई खन्न र मल हाल्न धेरै परिश्रम गर्छन् । जब बोट हुर्कन्छ, त्यो प्यान्डलहरूमा फैलन दिनुपर्छ ! फल नदिने हाँगाहरू छाँटिनुपर्छ र फल दिने हाँगालाई मात्रै हुर्कन अनुमति दिनुपर्छ । कृषकहरूले सही प्रकारले हाँगाहरू पहिचान गर्छन् । येशूले भन्नुभयो, "साँचो दाखको बोट म हुँ र मेरा पिता किसान हुनुहुन्छ । ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन, उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन बढी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ" (यूहन्ना १५:१,२) ।

दाखजस्तै भारतका विभिन्न भागहरूमा विशेष गरी तामिलनाडूमा बेटेल पाइन्छ । यो दाखजस्तै गरी हुर्कन्छ । मेरो एक जना आफन्तसँग बेटेलको बगैंचा छ । यो बगैंचाको निम्ति जमीन विशेष गरी छानिएको र तयार गरिएको छ । माथिल्लो भागमा रहेको माटोलाई ४ देखि ५ फिट गहिराइमा ताछेर हटाइएको थियो र त्यसपछिको माटोलाई राम्ररी खनिएको छ र अन्य स्थानबाट ल्याइएको विशेष माटोलाई बालुवासँग मिसाइएको थियो र २ देखि ३ फिट उचाइसम्म भरिएको थियो । अन्य रूखको जरा बगैंचामा नपलाएको होस् भनेर विशेष स्याहार लिइएको छ । सीधा हलरेखा खनिएको थियो र बालुवा मिसिएको राम्रो माटोले भरिएको थियो । त्यसपछि नियमित दुरीमा बेर्ना (बेटेलको हाँगाको भाग) रोपिएको हुन्छ । त्यसलाई राम्ररी पानी हालिन्छ र पानी नजमेको होस् भनेर अझ धेरै वास्ता गरिएको हुन्छ । बेर्ना फुल्छ र हुर्कन सुरु हुन्छ । हुर्केको दाखका पातहरू गाईबस्तुलाई दिइन्छ । लठ्ठीचाहिँ प्राय: हलुका रूखहरूको हाँगा हो, कटन रूख, मोरिन्गा र जंगली मोरिन्गा । जब कटन रूखहरू हुर्कन्छ, त्यसले फल दिन्छ र त्यो पूरै हुर्कंदा सुक्छ, जसको भित्र कटन हुन्छ । कटन सिराना र ओछ्यान बनाउन प्रयोग हुन्छ । मोरिन्गा सम्मान गरिएको रूख हो, जसले पात र फल दिन्छ । यसको पात तरकारी (हरियो) को रूपमा प्रयोग हुन्छ र संवेदनशील फलहरू ती सुक्नु अगावै कटनी गरिन्छ । ती फल (ड्रमस्टिक) होटल र घरमा राम्रो रेसिपी हो । जंगली मोरिन्गाका पात मल बनाउनको निम्ति मात्रै प्रयोग हुन्छ र त्यसको बलियो काण्ड डुङ्गाहरू र काटामारान्स बनाउन प्रयोग हुन्छ । केही मानिसहरूले प्लानटेन बोट पनि रोप्छन्, जसले अतिरिक्त आम्दानीको स्रोत उत्पन्न गर्छ ।

*....Contd. to page 6*


**NEHEMIAH BIBLE**

**RESIDENTIAL / EVENING COLLEGE,**

**Velachery / Chepauk & Santhoshapuram, Chennai.**

Medium : Hindi / Tamil

*Registered Candidate for Membership*

Asia Theological Association (ATA)

Recognised by International Christian Leaders & Senior Pastors for the past 53 years

**Certificate in Theology : One year**

**Diploma in Theology : Two years**

Qualification : 10th Standard & above

**Rush for admission!**

**Contact : The Chairman, Nehemiah Bible College.**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.

Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858

E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

✶ ONLINE CLASSES ARE AVAILABLE ✶

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### प्रशंसाको निम्ति बुँदाहरू

मार्च १९: हाम्रा प्रिय सहसम्पादक भाइ एम. पावलराज र नहेम्याह बाइबल कलेजका अध्यक्ष, पास्टर एम. मुथुको स्वास्थ्यमा सुधार दिनुभएको निम्ति परमप्रभुलाई प्रशंसा होस् ।

मार्च २०: हाम्रो बाइबलकोर र ईश्वरशास्त्रीय पत्राचार कोर्समा आशिष्को निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मार्च २१: १९८९ देखि पत्रिका सेवकाइप्रति हाम्रो समर्पणतामा उहाँको आशिष्को निम्ति परमेश्वरलाई धन्यवाद ।

मार्च २२: हाम्रो पत्रिका सेवकाइबाट सुसमाचार नसुनेका जातिहरूका बीचमा सुसमाचार फैलाउन उहाँको आशिष्को निम्ति परमप्रभुलाई प्रशंसा होस् ।

मार्च २३: गएको महिनाको समयमा हाम्रा आवश्यकताहरू पूरा गर्नुभएको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

मार्च २४: बहुसङ्ख्यक सेवकाइहरूबाट सुसमाचार फैलाउने हाम्रो सिनियर पास्टरको समर्पणताको निम्ति परमेश्वरलाई धन्यवाद होस् ।

मार्च २५: बोलावटको प्रतिध्वनिका सम्पादकहरू र उहाँहरूका परिवारहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मार्च २६: हाम्रो नहेम्याह बाइबल कलेजहरूमा आशिष्को निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मार्च २७: सेन्ट पावल् मेट्रिकुलेसन स्कुलाका हाम्रा प्रधानाध्यापक, शिक्षकहरू र अन्य कर्मचारी सदस्यहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मार्च २८: हाम्रो सुसमाचारीय छापाखाना र प्रभावकारी कर्मचारीहरूका साथमा यसको निरन्तर संचालनको निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मार्च २९: हाम्रा प्रान्तीय संयोजकहरू र उहाँहरूका परिवारहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मार्च ३०: कोभिड १९ को समयावधीमा हाम्रो बोलावटको प्रतिध्वनि सेवकाइहरूका सबै क्रियाकलापहरूमा परमेश्वरको आशिष् दिनुभयो ।

मार्च ३१: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँहरूको परिवारहरूका निम्ति परमेश्वरको प्रशंसा गरौं ।

अप्रिल १: हाम्रो मण्डलीमा अभिषेकको साथमा नयाँ विश्वासीहरू दिएर आशिष् दिनुभएको निम्ति परमेश्वरको प्रशंसा गरौं ।

अप्रिल २: हाम्रो देशको सुरक्षाको निम्ति परमेश्वरको प्रशंसा गरौं ।

अप्रिल ३: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई सबै दुष्टको अधीनबाट सुरक्षा दिनुभएको निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

### प्रार्थनाको निम्ति बुँदाहरू

अप्रिल ४: हाम्रा अङ्ग्रेजी सहसम्पादक भाइ एम. पावलराज र हाम्रो नहेम्याह बाइबल कलेजका अध्यक्ष पा. एम. मुथुलाई बिरामीबाट पूर्ण चङ्गाइको निम्ति प्रार्थना गरौं ।

अप्रिल ५: सबै देशहरूमा एकता र शान्तिको लागि प्रार्थना गरौं ।

अप्रिल ६: हाम्रो सिनियर पास्टरले आफ्नो जीवनी बिना कुनै रोकवट पूरा गर्न परमेश्वरको प्रशस्त आशिष्को निम्ति परमेश्वरमा प्रार्थना गरौं ।

अप्रिल ७: हाम्रा संस्था, समस्त कर्मचारी र उहाँहरूको परिवारहरूको लाभको निम्ति परमेश्वरमा प्रार्थना गरौं ।

अप्रिल ८: हाम्रो अनलाइन हिन्दी ईश्वरशास्त्रीय कक्षाहरूको निम्ति प्रार्थना गरौं ।

अप्रिल ९: हाम्रो नहेम्याह कलेजहरू र त्यसको बिस्तारको निम्ति प्रार्थना गरौं ।

अप्रिल १०: कोभिड १९ ओमिक्रन भाइरस संसारबाट उन्मूलन गर्न परमेश्वरको विशेष वास्ताको निम्ति उहाँमा प्रार्थना गरौं ।

अप्रिल ११: लागुपदार्थ दुर्व्यसनीहरू र दुष्ट काम गर्नेहरूले पूर्ण चङ्गाइ पाऊन् ।

अप्रिल १२: हाम्रा सबै आर्थिक र भौतिक आवश्यकताहरू परमेश्वरले पूरा गर्नुभएको होस् ।

अप्रिल १३: परमेश्वरले हाम्रो देशलाई एकता र विकासमा बलियो बनाऊन् भनी प्रार्थना गरौं ।

अप्रिल १४: उत्तर भारतका मिसनरीहरू र उहाँहरूको परिवारको निम्ति प्रार्थना गरौं ।

अप्रिल १५: सुसमाचार नपुगेका स्थानमा सुसमाचार फैलन परमेश्वरलाई हामीलाई सक्षम पार्नुभएको होस् भनी प्रार्थना गरौं ।

अप्रिल १६: सबै धर्महरूका बीचमा एकताको निम्ति प्रार्थनामा समर्पित होऔं ।

अप्रिल १७: हरेक तरिकामा हाम्रा सेवकाइहरूको बिस्तारको निम्ति प्रार्थना गरौं ।

अप्रिल १८: हाम्रा सेवकाइहरूसँग सम्बन्धित कर्मचारीहरूका तलबहरू, छाप्ने कागजहरू, हुलाक र यातायातजस्ता हाम्रा आर्थिक आवश्यकताहरूका निम्ति प्रार्थना गरौं ।

*....Contd. from page 4*

ताजा बेटेलको पातलाई नगदेबालीको रूपमा लिइन्छ । ती औषधीको निम्ति प्रयोग हुन्छ । मानिसहरू एरेकानट र चुनसँग चपाउने पनि गर्छन् । प्राय: बानीको रूपमा पुरानो प्रयोग हुन्छ । केहीचाहिँ त्यसमा नै लत बसेको छ ।

लगभग शुद्धता कायम गरिएको हुन्छ । सबै मानिसहरूलाई सारा समय अनुमति भए पनि विशेष गरी महिलाहरूलाई बेटेलको बगैंचामा जान अनुमति दिइएको छैन ।

## दाखको बगैंचामा अञ्जीरको रूख

एक पटक येशूले दाखको बगैंचामा अञ्जीरको रूखको उपस्थितिलाई उल्लेख गर्नुभएको थियो । उहाँले त्यसबाट आएको फल खोज्नुभएको थियो । तर त्यसमा धेरै पातहरू मात्रै थियो । दाखबारीको मालिकले तीन वर्षसम्म अञ्जीरको बोट हेरिरहेको थियो तर त्यसमा फल लागेको थिएन । मालिले बगैंचाको मालीलाई त्यो काट्ने आदेश दिए किनकि त्यसले बिना परिणाम जमीन ओगटिरहेको थियो । तर मालीले मालिकलाई अझै एक वर्ष त्यसलाई त्यसै छोडिदिन बिन्ती गर्‍यो र त्यो समयावधीमा उसले त्यसको वरिपरि खन्यो र त्यसलाई मलजल गरे ।

येशूले दिने परिणामको महत्वको बारेमा बताइरहनुभएको थियो । उहाँले यही कुरा दृष्टान्तबाट बताउनुभयो, दाखको बगैंचामा अञ्जीरको रूख (लूका १३:६-९) । दाखको बगैंचामा अञ्जीरको रूख रोप्न अत्यन्तै ठूलो कुरा थियो । तर त्यसले आफ्नो अस्तित्वलाई प्रमाणित गर्न फल फलाउनुपर्थ्यो ।

दाखबारीले इस्राएलका मानिसहरूलाई प्रतिनिधित्व गर्दछ । अञ्जीरको बोटले अन्यजातिहरू हुन्, जसले इस्राएलीहरूको खर्चमा मुद्रा पाएका थिए । अन्यजातिहरूले परिणाम/फल फलाएको परमेश्वरले आशा गरिरहनुभएको थियो । असल फल नफलाउने हरेक रूख काटिनुपर्छ र आगोमा फ्याँकिनुपर्छ भन्नेचाहिँ परमप्रभुको व्यवस्था थियो (मत्ती ३:१०) । त्यसैले अञ्जीरको बोट/अन्यजातिले आफ्नो अस्तित्वको निम्ति असल फलहरू दिनुपर्छ ।

माली येशू ख्रीष्टले पितासँग अञ्जीरको बोटको निम्ति अझ एक वर्षको लागि बिन्ती गर्नुहुन्छ र त्यो समयावधिमा उहाँले धेरै ध्यान दिनुहुन्छ, त्यसलाई मलजल गर्नुहुन्छ र अन्य कुराहरू पनि दिनुहुन्छ । यहाँ बोटलाई दिइएको विशेष स्याहारले पवित्र आत्माको खन्याइलाई प्रतिनिधित्व गर्दछ, जसले विश्वासीलाई बलियो गरी वृद्धि हुन र फल फलाउन सहायता गर्नुहुन्छ । येशूले मानिसहरूलाई उहाँमा रहन र धेरै फल फलाउन भन्नुभयो (यूहन्ना १५:५) !

स्वर्गमा सिंहासनमा बस्नुहुने परमेश्वर पिताले सूर्यमुनि भएका हरेकलाई नियालेर हेर्नुहुन्छ, उहाँले आफ्ना आँखाले तिनीहरूको जाँच गर्नुहुन्छ (भजनसंग्रह ११:४) । उहाँ धर्मी न्यायधीश हुनुहुन्छ र उहाँको सत्यताको साथमा उहाँले मानिसहरू र धार्मिकताको साथमा संसारको न्याय गर्नुहुनेछ ।

किनकि उहाँ आउनुहुन्छ, उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ ।
उहाँले संसारको न्याय धार्मिकतामा
र मानिसहरूको न्याय आफ्नो सत्यतामा गर्नुहुनेछ (भजनसंग्रह ९६:१३) ।

अन्धकारबाट संसारका (अन्यजाति) मानिसहरूलाई निकाल्ने विशेष योजना परमेश्वरमा छ । शैतानलाई मोल तिर्न उहाँले आफ्नो एक मात्र पुत्र येशू ख्रीष्टलाई पठाउनुभयो र तिनीहरूलाई शैतानको बन्धनबाट निकाल्नुभयो । येशूले आफ्नो रगत बहाएर हरेक जनाको मोल तिर्नुभयो । कसैले क्रूसतिर हेर्छ र येशू ख्रीष्ट आफ्नो मुक्तिको निम्ति क्रूसमा मर्नुभयो भनेर स्वीकार गर्छ, उहाँले तिनीहरूका पाप क्षमा गर्नुहुन्छ र तिनीहरूलाई उहाँको आफ्ना छोरा र छोरी बनाउनुहुन्छ (यूहन्ना १:१२, ३:१६) ।

अनि परमप्रभु परमेश्वरले विद्रोही पावललाई अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्न छान्नुभयो । हाम्रो परमप्रभु हरेक जनाको मुक्तिको निम्ति चासो राख्नुहुन्छ ताकि कोही पनि नष्ट नभएका होऊन् । उहाँका आफ्नै मानिसहरू इस्राएलीहरूले प्रभु येशू ख्रीष्टलाई मसीहको रूपमा अस्वीकार गरे र विनाशमा गए । तिनीहरूले आफ्नो हृदय कठोर बनाए, त्यसकारण, अन्यजातिहरूका निम्ति सुसमाचारको निम्ति मार्ग खोलिएको छ किनकि दाखबारीमा अञ्जीरको बोट पाइएको थियो । प्रवेश गर्दैगर्दा तिनीहरूले परिणामहरू देखाउनुपर्छ !

## जैतूनको रूख !

इस्राएल देशमा जैतून सबैभन्दा महत्वपूर्ण बाली हो । जैतून लहलहाउँछ र दाखबारी मुख्य बाली हो, जुन इस्राएलको हरेक भागमा फल्छ । जैतून नगदेबाली हो किनकि यसको बीउबाट तेल निकालिन्छ । संसारभरि जैतूनको तेल प्रख्यात छ ।

जैतून नगदेबाली हो भनेर हामीले देखेका छौं । हामीले पवित्र बाइबलमा घटनाहरू देखेका छौं । इस्राएलका एक जना अगमवक्त ऋण लिएर मरे । उसका साहुहरू आए र ऋण तिर्न अथवा तिनकी विधवालाई आफ्ना दुई जना छोराहरू दासको रूपमा दिन धम्क्याए । के गर्ने भनेर थाहा नभएर विधवा अगमवक्ताह एलीशाकहाँ गइन् र आफ्नो कथा बताइन् । अगमवक्ताले तिनलाई भने, “मैले तिमीलाई के गरिदिनु सक्छु ? तिम्रो घरमा के छ ?” गरिब स्त्रीले भनिन्, तिनको घरमा तेलको भाँडोबाहेक केही पनि छैन । अगमवक्ताले तिनलाई सम्भव भएसम्म धेरैभन्दा धेरै खाली भाँडोहरू ल्याउन भने र तिनले त्यसै गरी । एलीशाले तिनलाई ढोका बन्द गर्न र ती सबै खाली भाँडोहरूमा तेल खन्याउन भने र तिनले सबै भाँडोहरू भरिन् र तिनले आफ्नो छोराले तिनलाई भने कि अझ खाली भाँडो छैन ! तब तेल आउन बन्द भयो । अगमवक्ताले तिनलाई तेल बेच्न आफ्ना सबै ऋण तिर्न र विश्राममा रहन भने (२ राजा ४:१-७) । तिनको ऋण तिर्न तिनको हातमा जैतूनको तेल आएको थियो ।

रोमी ११:१७ मा पावलले अन्यजातिहरूको मुक्तिलाई इस्राएलीहरूको खर्चमा जोडेका छन्, जसले मुक्तिदातालाई अस्वीकार गरे ।

तर यदि कुनै हाँगाहरू काटिए र असल जैतूनको जराको रर-भण्डारमा सहभागी हुनलाई तिमी एक जङ्गली जैतून भएर पनि तिनीहरूको ठाउँमा कलमी बाँधियौ तिनीहरू जराको भाग बन्छन् (रोमी ११:१७) ।

पावलले अन्यजातिहरूको मुक्तिलाई इस्राएलीहरूको खर्चमा भनी बताउँछन् । यसको निम्ति जैतूनका केही हाँगा भाँचिएका थिए र त्यसको ठाउँमो जंगली जैतून (अन्यजाति) लाई कलमी गरिएको थियो । प्रभु येशू ख्रीष्टले भन्नुभयो, "... मुक्तिचाहिँ यहूदीहरूबाट आउँछ" (यूहन्ना ४:२२) । पावलले भने, "... यो रहस्य बुझ कि अन्य जातिको संख्या पूरा नभएसम्म इस्राएलीहरूको एक अंशमा कठोरता आएको छ" (रोमी ११:२५) । इस्राएलका केही मानिसहरूले आफ्नो हृदय कठोर पारेका थिए र तिनीहरूले गर्नेछन्, जबसम्म अन्यजातिहरूको पूर्णता आउनेछ । त्यसैले, मुक्तिलाई समात्ने मौका समात्नु र परमेश्वरको राज्यमा प्रवेश गर्न तिनीहरूलाई योग्य बन्नु अन्यजातिहरूका निम्ति हो ।

परमेश्वरले संसारबाट आफ्ना मानिसहरूलाई बोलाउनुभयो र विशेष वरदानहरू दिनुभयो, जुन अरूका निम्ति होइनन् । त्यसैले परमेश्वरले फैलाउनुभएको बोलावट र वरदानहरू उहाँका मानिसहरूका निम्ति अन्तिम हो (रोमी ११:२९) ।

त्यसैले, उद्धारक सियोनबाट आउनुहुन्छ र याकूबबाट अविश्वास हटाउनुहुनेछ ।

उठाइलगिएपछि त्यागिएका इस्राएलीहरूले परमेश्वरको राज्य प्राप्त गर्ने विशेष मौका पाउनेछन् । जब मण्डली उठाइलगिन्छ, पृथ्वीका चारै दिशाका बतासहरू चार स्वर्गदूतहरूले समातिरहेको देखिएको थियो, जुन पृथ्वी, समुद्र वा कुनै रूखमा बहनेछैन । जीवित परमेश्रको छाप भएको अर्को स्वर्गदूतले ती चार स्वर्गदूतहरूलाई ठूलो आवाजको साथमा पुकारा गरे र भने, "हाम्रा परमेश्वरका सेवकहरूका निधारमा छाप हामीले नलगाएसम्म पृथ्वी, समुद्र वा रूखहरू हानि नगर ।" प्रति कुल १२,००० को दरले ती सबै छापहरू १४४,००० रहेका थिए । दानको कुल गुमेको छ र त्यसको स्थान मनश्शेको कुलले लिएको थियो, जसले जम्मा कुल १२ बनाएको छ । यी छाप लगाइएका व्यक्तिहरू महासंकष्टको पहिलो साढे तीन वर्षको समयमा लगिनेछ, जहाँ संसारमा ख्रीष्टविरोधीले शासन गरेको थियो ।

यी १४४,००० व्यक्तिहरू प्रभु येशू ख्रीष्टका विशेष मानिसहरू हुन् किनकि तिनीहरूले आफैंलाई स्त्रीसँगको सम्बन्धले बिटुलो पारेका थिएनन्, जसको अर्थ तिनीहरूले प्रकाश १७ अध्यायको महावेश्याको मूर्तिको आराधना गरेर आफैंलाई दूषित गरेका छैनन् । तिनीहरूले सिंहासनअघि नयाँ गीत गाएका थिए र ती १४४,००० जनाले बाहेक कसैले त्यो गीत सिक्न सकेनन्, जसलाई पृथ्वीबाट बचाइएका छन् । तिनीहरूले स्त्रीसँग सम्बन्ध राखेर बिटुलो बनाएका थिएनन् र थुमा जहाँ गए पनि उहाँलाई पछ्याए । मण्डलीको उठाइलगिएपछि स्वर्गमा उठाइलगिने मानिसहरूका पहिलो समूह तिनीहरू हुन् !

उठाइलगिने समयमा १४४,००० जनालाई त्यागिएको थियो किनकि तिनीहरूले शुद्धता र समर्पणताको मापदण्ड पाएका थिएनन् । तर तिनीहरू परमेश्वरको वचन र उहाँको व्यवस्थाहरूमा स्थिर रहेका थिए र मूर्तिपूजाले बिटुलो पारेका थिएनन् । त्यसैले, परमेश्वरले विशेष चिन्ह दिनुभएको थियो ।

## यहूदाको मुक्तिको अन्तिम मौका !

परमप्रभुले यहूदाका बाँकी रहेकाहरूलाई बचाउन अझै विचार गर्नुहुन्छ, जो उठाइलगिने समयमा त्यागिएका थिए र १४४,००० विशेष मानिसहरूको समूहमा थिए । परमेश्वरको वचनले भन्दछ, "किनभने परमेश्वरका वरदान र बोलावट अटल छन्" (रोमी ११:२९) ।

तिनीहरूले मसीहलाई अस्वीकार गरे पनि परमेश्वर विश्वासयोग्य हुनुहुन्थ्यो । बाइबलले भन्दछः

"अनि म दाऊदको घराना र यरूशलेमका बासिन्दाहरूमाथि अनुग्रह र नम्र-निवेदन गर्ने आत्मा खन्याउनेछु । तिनीहरूले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले घोचेका छन् र जसरी एक मात्र छोराको लागि कोही शोक गर्दछ, त्यसरी नै तिनीहरू उनको लागि शोक गर्नेछन्, पहिले जन्मेको पुत्रको निम्ति गरेजस्तै शोक गर्नेछन्" (जकरिया १२:१०) । *....Contd. to page 9*

## Echo of His Call Postal Courses

### 1. BIBLECOR

We offer Postal Course on Basic Truths of The Bible to new Christians and non-Christians in English – 57 pages, Hindi – 76 pages & Tamil – 96 pages. You will get a course book entitled **New Life – For You!** **After the completion of this course, you will get a certificate. There will be no compulsory fees. You will be blessed!**

### 2. THEOLOGICAL CORRESPONDENCE COURSE

Advanced Distance Education called **Theological Correspondence Course** is available in English – 537 pages and Tamil – 652 pages for Pastors, Evangelists, Christian Leaders and for lay people who have passion to do God's Ministry! A fee of Rs. 1000/- is charged. 7 Books with 149 Chapters are supplied. **Certificate in Ministry** will be awarded. **God will bless you!**

***For more details, write to us.***

**The Chairman, Nehemiah Bible College,**
**Echo of His Call, Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## TAX EXEMPTION

Donations by any individual or organization from India to **Echo of His Call Educational Trust** are eligible for Income Tax exemption under Section 80G of the Income Tax Act. Official receipts will be issued for this purpose. Please make your Demand Drafts / Cheques / M.O. for such donations in favour of **Echo of His Call Educational Trust** and send to us.

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**“जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।**

### म कसरी हुर्किएको थिएँ ?

म सन् १९४९, ३ जूनमा जन्मिएको थिएँ। मेरो परिवारमा म पहिलो जन्मिएको पुरुष बच्चा भएको हुनाले मेरा अभिभावकहरू, हजुरबुबाहरू र अन्य परिवारका सदस्यहरूले म ख्रीष्टियान पादरी बनेको चाहनुहुन्थ्यो । त्यसैले उहाँले मलाई प्रार्थना र बाइबलको ज्ञानमा हुर्काउनुभयो ।



मण्डलीमा बालबालिकाहरूका निम्ति संचालन गरिएको बाल संगतिमा भाग लिन मलाई बताइएको थियो । हाम्रो मण्डली धान खेतको बीचमा थियो र मण्डलीमा पुग्न कुनै राम्रो सडक थिएन । त्यसैले, आइतवारको दिनमा मेरा मामाहरूले मलाई आफ्नो काँधमा राखेर मण्डलीमा लैजानुहुन्थ्यो र अन्य दिनहरूमा पनि । मेरो आमा र काकीहरू सधैं मेरो साथमा हुनुहुन्थ्यो ।

मेरो बाल्यकालका दिनहरूमा मेरा बालसंगतिका शिक्षकहरू रेभ. इलियास, बेबी, डेजी, दिदी रेथनाम, काकी ग्नानासेल्भाम र ग्रेसले मलाई प्रभु येशू ख्रीष्टमा डोऱ्याउनुभएको थियो । म एक साधारण बालक र बिरामी थिएँ । त्यसैले, मेरा शिक्षकहरूले मलाई अत्यन्तै प्रेम गर्नुहुन्थ्यो ।

**Echo of His Call - YouTube**

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks. – Editor

### साना बालबालिकाहरूलाई प्रेम गर्ने प्रभु !

मेरी आमाले भविष्यको परमेश्वरको सेवक तयार गरिरहनुभएको थियो भनेर आफ्नो पूरा हृदयले विश्वास गर्नुहुन्थ्यो । परमेश्वरको सेवाको रूपमा उहाँले मलाई अतिरिक्त सेवा दिनुहुन्थ्यो र त्यसैले मैले मण्डलीमा संचालन भएका बिहानी, दिउँसो र साँझको सेवामा भाग लिएको निश्चित गर्नुहुन्थ्यो ।

मेरी आमाले मलाई उहाँसँगै बस्न लगाउनुहुन्थ्यो, मलाई गीत गाउन उत्साह दिनुहुन्थ्यो र परमेश्वरको वचन ध्यानपूर्वक सुन्न लगाउनुहुन्थ्यो । ती दिनहरूमा रेभ. आइ.आर.एच. ग्नानादासान नेयूर मुख्य मण्डलीको मुख्य पास्टर हुनुहुन्थ्यो । उहाँले मलाई समर्पण गर्नुभयो र मलाई साम सेल्भाराज भन्ने नाम दिनुभयो (बालअर्पण)। उहाँले मलाई यसो भन्दै आशिष् दिनुभयो, “यो बच्चा शमूएलजस्तै हुर्कनेछ। ऊ धनी मानिस पनि बन्नेछ र परमेश्वरमा अघि बढिरहेको सेवकहरूमध्ये एक बन्नेछ।”

ती दिनहरूमा मेरा अभिभावकहरू र म ख्रीष्टमसको समयमा अत्यन्तै खुसी हुने गर्थ्यौं । हरेक वर्ष बालबालिकाहरूले बाइबलको पदलाई कण्ठ गर्ने, दोहोऱ्याउने र इनामहरू जित्ने गर्थे। सन् १९५२ मा मैले मण्डलीमा पद दोहोऱ्याएको म सम्झन्छु।

“तब एक्कासी ती स्वर्गदूतसँग स्वर्गीय सेनाको एउटा दल देखा पऱ्यो। परमेश्वरको स्तुति गर्दै...” (लूका २:१३) ।

सन् १९५६ मा म ७ वर्षको थिएँ, म हाम्रो आदरणीय पास्टर देभादासले प्रचार गर्नुभएको वचन सुनिरहेको थिएँ । त्यो समयमा पवित्र आत्माले आफैंलाई मेरो अघि शक्तिशाली रूपमा प्रकट गर्नुभयो । परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ भन्ने प्रभुको सन्देश मैले स्पष्ट रूपमा सुन्न सक्थें । ममा त्यसको प्रभाव अत्यन्तै शक्तिशाली भएको हुनाले म ठूलो सोरमा रुन थालें । परमेश्वरको उपस्थिति मकहाँ आइरहनुभएको मैले स्पष्ट रूपमा महसुस गर्न सक्थें । मेरी आमाले मलाई ध्यानपूर्वक अवलोकन गरिरहनुभएको थियो ।

जब सेवा सिद्धियो, मैले मेरी आमालाई सोधें, “आमा, के पास्टर स्वर्गमा जानुहुनेछ र येशूलाई देख्नुहुनेछ ?” मेरी आमाले जवाफ दिनुभयो, “हो छोरा !” मैले तुरुन्तै भनें, “म पनि स्वर्ग जान चाहन्छु। म पनि येशूलाई त्यहाँ हेर्न चाहन्छु। के यो सम्भव छ, आमा ?” “यो संसारमा जिउँदा तिमीले आफ्नो हृदयमा येशूमाथि विश्वास गर्छौ र ग्रहण गर्छौ भने तिम्रो यो चाहना निश्चय नै पूरा हुनेछ,” मेरी आमाले भन्नुभयो ।

त्यसकारण, मेरो मुक्तिदाताको रूपमा प्रभु येशूलाई मेरो हृदयमा स्वीकार गर्न मेरी आमाले मलाई सहायता गर्नुभयो । त्यो दिनदेखि उसो, मैले आफूभित्र अलग्गै आत्माले काम गरिरहनुभएको महसुस गर्न सक्थें र परमेश्वरको उपस्थिति सधैं महसुस गर्न सक्थें ।

मलाई सरकारी प्राथमिक स्कूल, कान्नातुभिलाइमा १ कक्षामा भर्ना गरिएको थियो, मेरो मातृभाषाको रूपमा तामिल थियो। हरेक दिन मेरी हजुरआमाले मलाई स्कुलमा लैजाने गर्नुहुन्थ्यो र मलाई सुरक्षित रूपमा घर ल्याउनुहुन्थ्यो । म स्कुलको लागि निस्कन लाग्दा मेरी आमाले आफ्नो दाहिने हात हरेक दिन मेरो टाउकोमा राखेर प्रार्थना गर्नुहुन्थ्यो: “परमेश्वर पिता, मेरो छोरोले आज स्कुलमा जेसुकै पाठहरू सिके पनि त्यसले भविष्यमा तपाईंको राज्य बिस्तारको निम्ति सहयोगी हुनुपर्छ।”

भविष्यमा म परमेश्वरको सेवक हुनेछु भनेर स्कुलका शिक्षकहरूले पनि विश्वास गर्नुहुन्थ्यो । त्यसैले, उहाँहरूले मलाई प्रेम गर्नुभयो र मलाई अत्यन्तै राम्रो शिक्षा दिनुभयो। तर अलिक चकचके केटो थिएँ। म पाँच कक्षा नपुगेसम्म त्यो गाउँको स्कुलमा अङ्ग्रेजी पढाइ भएको थिएन ।

सन् १९५७ हाम्रो मण्डलीको बाल संगतिकी मुख्य शिक्षक बहिनी रेथ्नाले मलाई जानकारी गराउनुभयो कि बाइबल पद कण्ठ गर्ने प्रतिस्पर्धामा मेरो नाम समावेश भएको थिएन । उहाँले भन्नुभयो,

"परमेश्वरको इच्छा भयो भने तिमीले अर्को वर्ष मौका पाउनेछौ ।"

मेरो हृदय तोडिएको थियो र मैले यो कुरा आफ्नो आमालाई रोएर बताएँ । मेरी आमाले मलाई सल्लाह दिएर भन्नुभयो, "आउँदो बिहीवार, शुक्रवार र शनिवार तिम्रो रातिको खाना कम गर र परमेश्वरको अघि घुँडा टेक र तिमीले अहिले मलाई बताएको कुरा येशू हाम्रो पितालाई बताऊ ।" उहाँले मलाई २ वटा गीतहरू पनि सिकाउनुभयो:

१. ***"परमेश्वरलाई प्रेम गर्ने बालक समस्यामा डराउँदैन***
***जसरी चरा पिँजडामा बचाइएको हुन्छ***
***परमेश्वरले तिमीलाई आफ्नो सेवाको लागि बचाउनुहुनेछ...""***

२. ***"मेरो आत्माको प्रिय गोठालो !***
***मेरो हृदयको आनन्द !***
***तपाईं नजिक आउन***
***म उत्कट चाहनाको साथमा अघि आउँछु ।***

***कोरस***

***जब म प्रार्थना गर्छु, बोल्नुहोस्, बोल्नुहोस् !***
***तपाईंको चाहना मलाई देखाउनुहोस्,***
***सोही अनुसार कार्य गर्न तयार पार्नुहोस्***

१. ***साँचो उद्धारकको आज्ञा पालन गर्नेहरू***
***तिनीहरूका आत्माको निम्ति विश्रामको स्थान दिन***
***यो स्थानले मलाई पनि स्थान दिन***
***मेरो प्रेम, मेरो प्रार्थना सुन्नुहोस्***
***बोल्नुहोस्***

२. ***पापीहरूप्रति तपाईंको प्रेम***
***मेरो सेवाद्वारा मलाई प्रकट गर्नुहोस्***
***कलवरीको आत्माद्वारा मलाई अभिषेक गर्नुहोस्***
***ताकि मैले लडाईँहरू जित्न सकूँ***
***बोल्नुहोस्***

३. ***मेरो जीवनका सारा दिनहरू***
***तपाईं हिँड्नुभएको मार्गमा हिँड्नेछु***
***मसँग भएका सबै थोक म स्वेच्छाले दिनेछु***
***हे उद्धारक, मलाई तपाईंको शक्ति दिनुहोस् बोल्नुहोस्***

ती तीन दिन मैले यी गीतहरू गाइरहें र ख्रीष्टमसको दिनमा मेरो मण्डलीमा बाइबलको पद कण्ठ गरेर बताउने मौका मौले पाउन सकूँ भनेर येशूमा आँसुको साथमा प्रार्थना गरें । पहिलो पटक परमप्रभु परमेश्वरले मेरो प्रार्थनाको जवाफ दिनुभयो । जब हाम्रो परिवार आइतवार बिहानीको संगतिमा गइरहेको थियो, हाम्रो पास्टर देभादास बाटोमा भेटिनुभयो । त्यो समयमा उहाँ अचानक मतिर फर्कनुभयो र सोध्नुभयो, "यो ख्रीष्टमसमा तिमीले प्रस्तुत गर्न कुन गीत वा पद पाएको छौ ?" मेरी आमाले भन्नुभयो, "केही पनि छैन ।"

पास्टरले मलाई भन्नुभयो, "अरू बच्चाहरूले एउटा मात्रै पदलाई बताउनेछन् । तर तिमीले भजनसंग्रह २३ मा भएका सबै पदहरू बताउनुपर्नेछ ।" मैले भजनसंग्रह २३ का सबै छ वटा पदहरू सिकें र सेवाको समयमा बिना कुनै गल्ती बताएँ । त्यसैले, उहाँहरूले मलाई पहिलो पुरस्कारको निम्ति छान्नुभयो र मलाई सुन्दर साबुनको बाकस उपहार दिनुभयो । यो अवसरले येशूप्रति



ममा ठूलो आनन्द र साहस सृजना गरेको थियो । मैले प्रार्थनामा ठूलो विश्वास विकास गरेको थिएँ । "मलाई पुकार..." (यर्मिया ३३:३) मेरो बाटो देखाउने थोक बन्यो । त्यो दिनबाट मैले प्रार्थनामा परमेश्वरसँग सम्बन्ध सुरु गरेको थिएँ ।

***********

पृष्ठ ७ बाट

यहूदीहरूले मसीहलाई अस्वीकार र तल्लो रूपमा लिए पनि यहूदामाथि अनुग्रह र प्रशस्तको आत्मा खन्याउन परमप्रभु प्रसन्न हुनुहुन्थ्यो र तिनीहरूले आफ्ना गलत कामहरूका निम्ति शोक गरेका थिए । तापनि, अन्तको दिनमा दुई तिहाई छोडिनेछन् र मर्नेछन् (योचाहिँ ख्रीष्टविरोधीको शासनको दोस्रो साढे तीन वर्षको समयमा हुन सक्छ) र एक तिहाई आगोद्वारा बचाइनेछन्, जुनचाहिँ गम्भीर जाँच हो (जकरिया १३:८,९) ।

यहूदी वा गैह्रयहूदीहरू भाग्यशाली छन्, यदि तिनीहरू उठाइलगिए भने । उठाइलगिएपछि यहूदीहरूलाई मात्रै परमेश्वरको राज्यमा प्रवेश गर्ने अवसर दिइएको छ, जो अवसरमा रहन्छन् र गम्भीर जाँचबाट भएर गुज्रन्छन् ! त्यसैले आज नै मुक्तिको दिन हो र प्रभु येशू ख्रीष्टलाई अङ्गाल्ने सही समय र उठाइलगिने समयमा लगिने निश्चित अवसर पाउन उहाँको आफ्नै सन्तानको रूपमा जिउने समय हो ।

इस्राएलीहरूको जीवनमा दाख अत्यन्तै महत्वपूर्ण छ । योचाहिँ धेरै परिश्रम चाहिने उद्योग हो । ठूलो सङ्ख्यामा मानिसहरू संलग्न छन् । दाखको जुस विवाह घरमा र अन्य घरायसी प्रयोगमा बृहत् रूपमा प्रयोग हुन्छ ।

अञ्जीरको रूख अग्लो रूख, सबैतिर हाँगा फैलाउने रूख हो । यो इस्राएलमा सर्वत्र उमारिन्छ । यो भारतमा पनि उम्रन्छ । उसलाई मुख्य खानेकुराको रूपमा प्रयोग गरिन्छ र यसमा मेडिकल मूल्य पनि छ । यसले आफ्नो मौसममा फल दिन्छ । एक दिन येशू र उहाँका चेलाहरू बेथानीबाट निस्कनुभयो । येशू भोकाउनुभयो । उहाँले पातले भरिपूर्ण अञ्जीरको रूख देख्नुभयो । येशूले फल खोज्नुभयो तर त्यहाँ एउटै पनि थिएन । येशूले अञ्जीरको रूखलाई श्राप दिनुभयो "अब उसो कसैले पनि तँबाट फल नखाओस्" (मर्कूस ११:१२-१४) ।

दाखको बगैंचामा भएको अञ्जीरको रूखले यहूदीसँग अन्यजातिहरूको कलमीलाई सङ्केत गर्छ । किनकि मुक्ति यहूदीहरूको हो, परमेश्वर आफ्नो प्रशस्त अनुग्रहमा यसलाई अन्यजातिहरूमा फैलाउनुभयो । अन्यजातिहरूले यस अवसरलाई समात्नुपर्छ र फल दिनुपर्छ अन्यथा तिनीहरू आगोमा हालिनेछन् ।

जैतून नगदे बाली हो । यो इस्राएलभरि उमारिन्छ । यो आफ्नो तलको निम्ति प्रसिद्ध छ । यो खाना पकाउन, बत्ती बाल्न र अन्य मेडिकल उद्देश्यहरूका निम्ति प्रयोग गरिन्छ । जब यो अनुहारमा निरन्तर रूपमा लगाइन्छ, त्यो चम्कनेछ !

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

"मानिसको मन आनन्दित गराउनलाई दाखमद्य र त्यसको अनुहार चहकिलो पार्नलाई तेल र हृदय बलियो तुल्याउनलाई रोटी (गहुँ र अञ्जीरको बोट) उहाँले दिनुहुन्छ" (भजनसंग्रह १०४:१५)।

दाख, अञ्जीर र जैतूनको रूपमा हाम्रो मुक्तिदाता येशू खीष्टमा र राज्यमा उपयोगी होऔं ! हाल्लेलूयाह !

************

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATIONS BY ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 16th MARCH 2022**

**If un-delivered please return to:**

**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers**, New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**